म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १६९ मंगलबार, २० माघ २०८२ ने. सं. ११४६ सिल्लागा 3 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटर नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं। आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- वालवालिका, वृद्ध वा विरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### दलहरुबीच गठबन्धन नहुँदा मतदातालाई आफ्नो रोजाईको नेतृत्व छान्न सहज: विश्लेषक

# मकवानपुरको उम्मेदवारको चुनावीप्रचार तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसारमा मकवानपुरका दुवै निर्वाचन क्षेत्रमा उम्मेदवार तीव्ररुपमा सक्रिय बनेका छन् ।

घरदैलो अभियान, प्रत्यक्ष मतदाता भेटघाट तथा फोन गर्ने, सामाजिक सञ्जालमार्फत मतदातासम्म पुग्ने क्रम जारी रहेको छ । यसपटकको निर्वाचनमा अघिल्ला निर्वाचित सांसद र नयाँ अनुहार बीच कडा प्रतिस्पर्धा देखिएको छ । प्रतिनिधिसभाअन्तर्गत दुई निर्वाचन क्षेत्र रहेको मकवानपुरमा निर्वाचन क्षेत्र नम्बर १ मा १३ राजनीतिक दलका उम्मेदवार र १० स्वतन्त्र उम्मेदवार गरी कुल २३ जना प्रतिस्पर्धामा छन् । क्षेत्र नम्बर २ मा १६ दल र पाँच स्वतन्त्र उम्मेदवार चुनावीमैदानमा छन् । २०७९ सालको निर्वाचनमा क्षेत्र नम्बर १ बाट राप्रपाका दीपकबहादुर सिंह र क्षेत्र नम्बर २ बाट नेकपा एमालेका महेश वर्तौला निर्वाचित भएका थिए ।



दुवैजना यसपटक पुन: उम्मेदवार बनेका छन् । मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा राप्रपाका सिंहसँगै नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय 'डीना', एमालेका रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीका विजय गौतम, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश गौतम तथा उज्यालो नेपाल पार्टीकी रक्षा श्रेष्ठ मुख्य प्रतिस्पर्धीका रुपमा देखिएका छन् । २०७९ को निर्वाचनमा सिंहले २७ हजार ८१६ मत ल्याएर विजयी भएका थिए भने डीना २५ हजार ४३४ मतसहित दोस्रो स्थानमा थिइन् । पहिलो र दोस्रोबीचको मतान्तरमात्र २ हजार ३८२ थियो । यो क्षेत्रको निर्वाचन इतिहास हेर्दा २०६४ मा माओवादी, २०७० मा कांग्रेस, २०७४ मा एमाले र २०७९ मा राप्रपाले जित हासिल गरेका छन् ।

२०६२/६३ पछि मकवानपुर-१ लाई कुनै एक दलको स्थायी प्रभाव क्षेत्रभन्दा पनि मतदाताको निर्णयअनुसार परिणाम फेरिने क्षेत्रका रुपमा चिनाएको छ । यो क्षेत्रका मतदाताले उम्मेदवारको व्यक्तिगत कार्यसम्पादन, चरित्र र समसामयिक राजनीतिक परिवेशलाई आधार मानेर निर्णय गर्ने प्रवृत्ति देखिएको राजनीतिक विश्लेषक घनश्याम घिमिरेको बुझाई छ । विगतको निर्वाचनलाई हेर्दा यहाँ तटस्थ मतदाता निर्णायक बन्दै आएका छन् । निर्वाचन क्षेत्र नम्बर २ मा एमालेका महेश वर्तौला, कांग्रेसका बुद्ध लामा, नेकपाका लवशेर विष्ट र राष्ट्रिय स्वतन्त्र पार्टीका प्रशान्त उप्रेती मुख्य प्रतिस्पर्धीका रुपमा देखिएका छन् ।

विष्ट स्थानीय तह (थाहानगर) को नेतृत्व गरिसकेका शालिन तथा अनुभवी नेता हुन् । बिष्ट स्व. रुपचन्द्र बिष्टको आदर्शमा चुनावी मैदानमा उत्रिएका हुन् । लामा कांग्रेस मकवानपुरका जिल्ला सभापति हुन् । रास्वपाका उप्रेती २५ वर्षका सबैभन्दा कान्छा उम्मेदवार हुन् । २०७९ सालको निर्वाचनमा समानुपातिकतर्फ मकवानपुरमा एमालेले सबैभन्दा बढी मत प्राप्त गरेको थियो । कांग्रेस दोस्रो र राष्ट्रिय स्वतन्त्र पार्टी तेस्रो स्थानमा थिए । दलहरुले यही तथ्यांकलाई आधार मानेर प्रत्यक्षतर्फको रणनीति तय गरेका छन् । अघिल्ला निर्वाचनमा गठबन्धनको राजनीतिले परिणाम निर्धारणमा ठूलो भूमिका खेलेको थियो । दलहरुले विचार, नीति र जनअपेक्षाभन्दा अंकगणितीय समीकरणका आधारमा गठबन्धन गर्दै आएका थिए ।

तर, यसपटक प्रमुख दलहरु आफ्नै बलमा चुनावीमैदानमा उत्रिएका छन् । यसले मतदातालाई रोजाइको पार्टी, उम्मेदवारको क्षमता, घोषणापत्र, योजना र नेतृत्व क्षमताको आधारमा स्वतन्त्ररुपमा मूल्यांकन गर्ने अवसर दिएको विश्लेषक घिमिरेको बुझाइ छ । मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा १ लाख ५८ हजार ४३५ र क्षेत्र नम्बर २ मा १ लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । प्रतिनिधिसभा निर्वाचन २०७९ पछि मकवानपुरमा १४ हजार ६०१ जना मतदाता थपिएका छन् । सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरमा ७ हजार १६३ मतदाता थप भएका छन् ।

मनहरी गाउँपालिकामा एक हजार ४६८, थाहा नगर पालिकामा एक हजार ४१५ मतदाता थपिएका छन् भने बकैया गाउँपालिकामा ८१७, बागमती गाउँपालिकामा ८४०, मकवानपुर गढी गाउँपालिकामा ७५४ र भीमफेदी गाउँपालिकामा ६९३ मतदाता थपिएका छन् ।

इन्द्रसरोवर गाउँपालिकामा ३७३, कैलाश गाउँपालिकामा ३६३ र राक्सिराङ गाउँपालिकामा २३५ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ । मकवानपुरमा कुल १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १ सय ७८ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर २ मा १ सय ५ मतदानस्थल र १ सय ९६ मतदान केन्द्र रहेका छन् । कुल १ सय ६७ मतदान स्थलमध्ये १९ वटा अतिसंवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# नेपालमा पहिलो पटक सालक सम्मेलन हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेपालमा पहिलोपटक सालक सम्मेलन हुने भएको छ । बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयको आयोजनामा यही माघ २६ गते सालक सम्मेलन गर्न लागिएको हो ।

डिभिजन वन कार्यालयको संयोजनमा माडीमा सालक सम्मेलन गर्न लागिएको हो । कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार बागमती प्रदेशभित्रका डिभिजन वन कार्यालयका प्रमुख, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज, हरेक जिल्लाका सामुदायिक वनका प्रतिनिधि र संरक्षणकर्मीको सक्रियतामा सालक सम्मेलन गर्न लागिएको हो ।

संरक्षित वन्यजन्तु सालकको अहिलेको अवस्था, संरक्षण गर्नुपर्ने कारण, चुनौतीलगायतका विषयमा सम्मेलनमा छलफल गरिने छ । आचार्यका अनुसार संरक्षणमा हातेमालो गर्ने विभिन्न संघसंस्थाका प्रतिनिधि, विज्ञसहित २०० भन्दा बढीको सहभागितामा सालक सम्मेलन गर्न लागिएको हो ।

सम्मेलनमा सालकको अहिलेको अवस्था, संरक्षणमा देखिएका चुनौती र भावि कार्यदिशाका विषयमा छलफल गरिने छ । छलफलसँगै सालक संरक्षणका लागि 'माडी घोषणापत्र' जारी गर्दै सम्मेलन सम्पन्न हुने उनले बताए । सालक किसानको साथी भएकाले पनि यसको संरक्षण अपरिहार्य रहेको उनको भनाइ छ ।

राष्ट्रिय निकुञ्ज ऐन २०२९ ले संरक्षित वन्यजन्तुकारुपमा सालकलाई राखेको र सालक अहिले लोपोन्मुख अवस्थामा पुगेको पाइन्छ । यसको संरक्षणका लागि सबैको हातेमालो आवश्यक रहेको आचार्यले बताए ।

बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले नेपालमा पहिलोपटक सालक सम्मेलन गर्न लागिएको जानकारी दिए । बरालका अनुसार वन्यजन्तु संरक्षण भन्ने बित्तिकै ठूला वन्यजन्तुलाई प्राथमिकता दिइने गरिएको भएपनि साना वन्यजन्तु पनि उत्तिकै महत्वपूर्ण रहेको छ । उनले भने, 'ठूला वन्यजन्तु संरक्षणमा धेरैको ध्यान जाने भएपनि प्रदेश सरकारले सालकको संरक्षणका लागि नीति तथा कार्यक्रम नै बनाएर काम अघि बढाइएको छ ।' आगामी वर्षदेखि नियमितरुपमा सालक संरक्षणका लागि काम गरिने उनले बताए । प्रदेशका सबै डिभिजन वनहरुमा सालक पाइने र यसको संरक्षणले प्रकृतिलाई फाइदा पुग्ने उनको भनाइ छ ।

केही वर्षपछि सालक हेर्नका लागि बागमती प्रदेश जाउँ भन्ने बनाउनका लागि यो कार्यक्रम महत्वपूर्ण रहेको बरालले बताए । सामुदायिक वन र सालक संरक्षणमा लागेका सबैलाई एकीकृत गर्न यो कार्यक्रम फलदायी हुने बिश्वास लिइएको छ । स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समितिसँग सालकको बासस्थान, खानेकुरा संरक्षणलाई अभियानका रुपमा अघि बढाइने उनले जानकारी दिए । सालक मार्नेलाई निकुञ्ज ऐनअनुसार कारबाही हुने उनले बताए ।

# हेटौंडामा योजना तर्जुमा गोष्ठी



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ सवडिभिजन वन कार्यालय, हेटौंडाको आयोजनामा सोमवार हेटौंडामा सवडिभिजन वन कार्यालयस्तरीय योजना तर्जुमा गोष्ठी भएको छ ।

कार्यालयको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत कार्यक्रमअनुसार गोष्ठीको आयोजना गरिएको हो । गोष्ठीमा डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रबंशीले सामुदायिक वन समूहले वनको ब्यवस्थापन , पर्यापर्यटन, आयआर्जनलगायतका क्षेत्रमा काम गर्नुपर्ने बताए । डढेलो नियन्त्रण, अग्निरेखा निर्माण, चोरीनिकासी, वृक्षरोपणमा काम गर्नुपर्नेमा उनको जोड थियो । गोष्ठीमा सव डिभिजन वन कार्यालय, हेटौंडाअन्तरगत रहेका सामुदायिक वन समूहले वनसँग सम्वन्धित विभिन्न कामको बारेमा समूहगत छलफल गरेका थिए ।

गोष्ठीमा सवडिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख बच्चुराम सुवेदी, अधिकृत छैठौ श्रीकृष्ण न्यौपाने, रेन्जर सुष्मा लामालगायतले सहजीकरण गरेका थिए । गोष्ठीमा विभिन्न सामुदायिक वन र कबुलियती वन समूहका २० जनाको सहभागिता थियो ।

# सिमेन्ट उद्योग स्थानान्तरणको एजेण्डा ल्याउन दललाई स्थानीयको माग



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ बागमती प्रदेशको राजधानी हेटौंडामा करिव सात किलोमिटरको दुरीमा तीनवटा सिमेन्ट उद्योग रहेका छन् । हेटौडा सिमेन्ट उद्योग, शिवम् सिमेन्ट र रिद्धिसिद्धि सिमेन्ट संचालनमा छन् ।

एउटै सहरमा तीनवटा ठूला सिमेन्ट उद्योगका कारण हेटौंडामा बाक्लो धुलोका कणले नसर्ने दीर्घरोगको प्रकोप फैलिने क्रम ह्वात्तै बढेको छ । तीनवटा सिमेन्ट उद्योगले गरेको प्रदुषणले उकुसमुकुस बनेका स्थानीयले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा तीनवटा सिमेन्ट उद्योग अन्यत्र स्थानान्तरण गरेर सफा हेटौंडाको एजेण्डा लिएर आउन आग्रह गरिरहेका छन् ।

सबैभन्दा धेरै प्रदुषण दुई निजी सिमेन्ट उद्योगले गर्दै आएका छन् । शिवम् सिमेन्टले हेटौंडा चौघडादेखि पूर्व चुच्चेखोला, हटिया, हर्नामाडीसम्म धुलोको कण फैलाएर प्रदुषण गरिरहेको छ ।

त्यस्तै रिद्धिसिद्धि सिमेन्टले हेटौंडा बजार पुरै धुलोमा डुबाउँदै आएको छ । बाहिरबाट हेर्दा खासै नदेखिने धुलोको कण विहानको समयमा मर्निङ वाक गर्न समेत जोखिम थपेको छ । सडक भन्दा परका सबैजसो घरमा विहान उठ्दा एकदमै मसिनो धुलो फैलिएर समस्या आउने गरेको हेटौंडा-८ कमानेका मतदाताको भनाई छ ।

अझ शिवम् सिमेन्टले फैलाएको धुलोका कारण चुच्चेखेला, दियावादी, हटिया क्षेत्रका साग, लसुन र अन्य तरकारी खानै नहुने गरी धुलोले छोप्ने समस्या छ ।

आउँदो निर्वाचनमा हेटौंडाको प्रदुषण घटाउन तीनवटा सिमेन्ट उद्योग अन्यत्र स्थानान्तरण गर्ने एजेण्डा बनाउने विषयमा मकवानपुर क्षेत्र नं १ का उम्मेदवारहरु त्यति परिपक्व देखिएका छैनन् । जनताको स्वास्थ्य भन्दा पनि कम्पनीबाट आउने मासिक आम्दानी, चुनाव खर्चपानी कारण कांग्रेस, एमाले, माओवादी र राप्रपाका उम्मेदवार यस विषयमा मौन रहँदै आएको आरोप स्थानीयको छ । नयाँ राजनीतिक परिचय बनाएको भनिएको रास्वपाले समेत यो विषय गम्भिररुपमा बुझ्न नसक्दा जनताले भने सिमेन्ट उद्योगले पारेको असर बारे पनि बोल्न र चुनावी एजेण्डा बनाउन खवरदारी गरिरहेका छन् ।

नेपाली कांग्रेस र एमालेका नेतालाई पनि हटियाका जनताले शिवम् सिमेन्ट अन्यत्र स्थानान्तरण गर्ने विषयलाई चुनावी एजेण्डा बनाउन सचेत गराएका छन् । त्यस्तै, रास्वपालाई पनि शिवम् सिमेन्ट र रिद्धिसिद्धि सिमेन्टको प्रदुषणको एजेण्डा बनाउन हेटौंडाका प्रदुषण पीडितले माग गरेका छन् ।




**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# नौलो सुरुङ र गगनचुम्बी पुल

मुलुकमा केही हुन सकेन, बस्नै मन लागेन, नेताले ध्वस्त बनाए भन्ने निराशावादी तर्ककाबीचमा संघीय राजधानी काठमाडौंलाई तराई-मधेशसँग जोड्ने सबभन्दा छोटो र रणनीतिक महत्व बोकेको राष्ट्रिय गौरवको आयोजना 'काठमाडौं-तराई/मधेश द्रुतमार्ग' निर्माणले थोरै भएपनि जवाफ दिन खोजेको देखिन्छ । आयोजनाको जिम्मेवारी नेपाली सेनाले सम्हालेको साढे आठ वर्ष र निर्माणकार्य सुरु भएको साढे चार वर्षमा आयोजनाले ४५.१६ प्रतिशत भौतिक प्रगति गरेको छ । निर्माणस्थलमा ठडिएका गगनचुम्बी पुल र पहाड छिचोल्दै बनेका सुरुङमार्गले भने विकासको भव्य र आशालाग्दो तस्बिर पेश गर्न थालेका छन् । आयोजनाको समग्र भौतिक प्रगति ४५ प्रतिशतको हाराहारीमा रहेपनि फिल्डमा देखिने गरी भएको मुख्य परिवर्तन भनेको सुरुङमार्ग र विशेष प्रकृतिका पुलहरु हुन् । कान्तिलोकपथ हुँदै यात्रा गर्ने जो कोहीका लागि मकवानपुरको धेद्रे र लेनडाँडा क्षेत्रमा निर्माण भएका विशाल संरचना अहिले आकर्षणको केन्द्रबिन्दु बनेका छन् । यहाँ ८२ मिटर अग्ला पुलका पिलर ठडिएका छन्, जसले टाढैबाट हेर्दा पनि विकासको नयाँमानक स्थापित गरेको भान हुन्छ । धेद्रे सुरुङको मुखैमा जीतपुर खोलामाथि बनाइएका समानान्तर दुई पुल र लेनडाँडा सुरुङतर्फ जाने चालिसे खोलामाथिका पुल निर्माणको अन्तिमचरणमा छन् ।

करिव ३०० मिटर लामा यी पुलमा अबको केही समयभित्रै सवारीसाधन गुड्ने सम्भावना छ । आयोजनाको कुल १०.९७९ किलोमिटर लम्बाईका सातवटा सुरुङ रहनेछन् । तीमध्ये मकवानपुरस्थित १.६९१ किलोमिटर लामो धेद्रे र १.६२६ किलोमिटर लामो लेनडाँडा सुरुङको 'ब्रेक थ्रु' भइसकेको छ । हाल यी सुरुङभित्र फिनिसिङको काम तिब्रगतिमा भइरहेको छ । नेपालकै ठूलो यातायात सुरुङ मानिएको ३.४५५ किलोमिटर लामो महादेवटार सुरुङमार्गको खन्ने काम पनि ७० प्रतिशत सकिएको छ । करिव २ हजार ३ सय ४८ मिटर खनिसकिएको यो सुरुङलाई आगामी असार मसान्तभित्र वारपार (ब्रेकथ्रु) गराउने लक्ष्यका साथ नेपाली सेना र निर्माण व्यवसायी खटिएका छन् । यसबाहेक चन्द्रामभीर, सिसौटार, देवीचौर र मौरीभीरमा पनि सुरुङ निर्माणको काम अघि बढिरहेको छ । नेपाली सेनाका अनुसार चालू आर्थिक वर्षभित्रै थप दुई जोडी सुरुङ छिचोल्ने योजना रहेको छ । २०७४ मा जिम्मा पाएपनि शुरुवाती समय विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण, कन्सल्ट्यान्ट छनोट र अन्तर्राष्ट्रिय ठेक्का प्रक्रियामा खर्च भएको थियो । पुरानो डीपीआरले काम नचल्ने भएपछि सेनाले नयाँ सिराबाट डीपीआर बनाउनुपर्‍यो, जसमा सुरुङमार्गको लम्बाइ थपियो र रेखांकनमा केही परिमार्जन गरियो । मन्त्रिपरिषद्बाट डीपीआर स्वीकृत गराएर २०७८ जेठ ३१ गतेबाट मात्रै विधिवतरुपमा निर्माणकार्य सुरु गरिएको सेनाको दाबी छ । ठूला पूर्वाधार निर्माण गर्दा वनविनाश हुने र पारिस्थितिक प्रणालीमा असर पर्ने भन्दै वातावरणविद्हरुले निरन्तर चिन्ता व्यक्त गर्दै आएका छन् । राष्ट्रिय गौरवको आयोजनाको निर्माण लागत करिव २ खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ अनुमान गरिएको छ, जसमध्ये हालसम्म करिव ८३ अर्ब रुपैयाँ खर्च भइसकेको छ । आयोजनाको वित्तीय प्रगति ४५.३३ प्रतिशत पुगेको छ ।

ठेक्का प्रक्रिया, डिजाइन परिमार्जन र मुद्रास्फीतिजस्ता तत्वले अन्तिम लागतमा थप दबाब सिर्जना गर्ने सम्भावना विज्ञहरुले देखाइरहेका छन् । तर, सेनाले तोकिएको बजेटभित्रै आयोजना सम्पन्न गर्ने दाबी दोहोर्‍याउँदै आएको छ । द्रुतमार्गको निजगढ र मकवानपुर खण्डमा कामले तिब्रता पाएको छ । नेपाली सेनाले यसअघि २०८१ मंसिरभित्र काम सक्ने लक्ष्य राखेको थियो । तर, विविध प्राविधिक र व्यवस्थापकीय कारणले यो समयसीमामा काम सम्पन्न नभएपछि सरकारले आयोजनाको म्याद २०८३ चैतसम्म थप गरेको छ । अबको करिब एक वर्षभित्र बाँकी ५५ प्रतिशत काम सम्पन्न गर्नु सेनाका लागि ठूलो चुनौती र अवसर दुवै हो । आगामी एकवर्ष आयोजनाका लागि निर्णायक मानिएको छ । अब बाँकी रहेका काममा उच्चस्तरका संरचनात्मक निर्माण, सुरक्षा मापदण्ड, सिग्नलिङ प्रणाली र गुणस्तर परीक्षणलाई प्राथमिकताका साथ हेरिनुपर्ने हुन्छ । निर्माणको गति कायम राख्दै वर्षायाममा उत्पन्न हुने भूस्खलन, मेसिनरी सञ्चालन र श्रमिक सुरक्षाको सन्तुलन मिलाउनु चुनौतीपूर्ण हुनेछ । अबको मुख्य ध्यान तोकिएको समयसीमा अर्थात २०८३ चैतभित्रै काठमाडौंबाट गाडी गुडाएर तराई पुर्‍याउनुमा केन्द्रित रहनु पर्छ । तराईमा २७ मिटर र पहाडी क्षेत्रमा २५ मिटर चौडाइ हुने यो चार लेनको सडक सम्पन्न भएपछि काठमाडौंबाट निजगढसम्मको यात्रा करिव एक घण्टामा छोटिनेछ । यसले नेपालको इन्धन खपतमा अर्बौंको कटौती गर्ने मात्र नभई तराई र पहाडबीचको आर्थिक तथा सामाजिक सम्बन्धलाई नयाँ उचाईमा पुर्‍याउने अपेक्षा गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २१ गते बुधबार ४ फेब्रुअरी २०२६ । तृतीया, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:५१ सूर्यास्त ५:४६ । विश्व क्यान्सर दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दाम्पत्य जीवन सुखद बन्नेछ | तुला | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| वृष | : आम्दानी राम्रो हुनेछ | वृश्चिक | : यात्रामा खर्च बढ्नेछ |
| मिथुन | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | धनु | : मौकाको फाइदा लिन सकिनेछ |
| कर्कट | : प्रेमको बन्धन कसिन सक्नेछ | मकर | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| सिंह | : चुनौतीहरु देखा पर्न सक्नेछ | कुम्भ | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कन्या | : व्यवसायमा सामान्य फाइदा हुन्छ | मीन | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# मधेस, विकास र लोकतन्त्र



✍डा. शोभाकर पराजुली

मधेस नेपालकै अन्नको भण्डार हो । श्रमको ठूलो स्रोत हो । संस्कृतिको धनी भूगोल हो । तर यही मधेस आज पनि विकासका सूचकहरूमा पछाडि किन छ? शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सुशासन- प्रत्येक क्षेत्रमा मधेस किन 'सम्भावनाको भूमि' मै सीमित रह्यो ?

यो प्रश्न भावनात्मक मात्र होइन, गहिरो संरचनागत कारणसँग जोडिएको छ । मधेसको पछौटेपन कुनै समुदायको अक्षमता होइन, राज्य निर्माणको इतिहास, नीति निर्माणको पक्षपात र राजनीतिक नेतृत्वको असफलतासँग गाँसिएको यथार्थ हो यो । मधेस पछाडि पर्नुको पहिलो र गहिरो कारण राज्यको ऐतिहासिक उपेक्षा हो । आधुनिक नेपाल निर्माण भएदेखि नै शक्ति, स्रोत र अवसर पहाड र काठमाडौं केन्द्रित रहे । मधेसलाई सधैं सीमावर्ती, सन्देहास्पद र केवल कर तथा उत्पादनको स्रोतका रूपमा हेरियो । नीति निर्माणमा मधेसको आवाज कमजोर रह्यो र जब आवाज उठ्यो, त्यसलाई 'असन्तोष' वा 'अराजकता' भनेर खारेज गरियो ।

दोस्रो कारण हो- पूर्वाधारको असमान विकास । मधेस समथर भूभाग हुँदाहुँदै पनि गुणस्तरीय सडक, सिँचाइ, औद्योगिक क्षेत्र, विद्युत् वितरण र सहरी योजना सन्तोषजनक भएनन् । योजनाहरू बने, तर कार्यान्वयन कमजोर र ह्योह कहिले भ्रष्टाचारले, कहिले केन्द्र-प्रदेश समन्वयको अभावले ।

तेस्रो, शिक्षा र स्वास्थ्यमा दीर्घकालीन लगानीको कमी । मधेसमा विद्यालय छन् तर गुणस्तर कमजोर छ । प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच सीमित छ । स्वास्थ्य चौकी त छन्, तर चिकित्सक छैनन् । अस्पताल त छन्, तर सेवा छैन । यसले मानव विकास सूचकांकलाई तल तानिरह्यो ।

चौथो, राजनीतिक नेतृत्वको विफलता पनि आत्मालोचनाको विषय हो । मधेसको नाममा राजनीति त भयो, तर दीर्घकालीन विकास एजेन्डा कमजोर रह्यो । पहिचान र अधिकारको आन्दोलन आवश्यक थियो तर त्यसलाई सुशासन, आर्थिक रूपान्तरण र संस्थागत सुधारसँग जोड्न सकिएन । नतिजा– आन्दोलनबाट सत्ता त आयो, तर जीवनस्तरमा ठोस परिवर्तन आएन ।

मधेसको विकास कुनै एक परि योजनाले होइन, बहु-आयामिक रूपान्तरणबाट सम्भव छ । यसको आधार कृषि, उद्योग, मानव पुँजी र सुशासन हुन् । पहिलो, कृषिको आधुनिकीकरण । मधेस कृषि प्रधान क्षेत्र हो, तर किसान अझै पनि परम्परागत खेतीमा सीमित छन् । सिँचाइ प्रणालीमा सुधार, भण्डारण, प्रशोधन उद्योग, बजार पहुँच र मूल्य स्थिरता बिना किसान गरिब नै रहन्छन् ।

कृषि सहकारी, एग्रो-प्रोसेसिङ जोन र निजी-सार्वजनिक साझेदारीमार्फत कृषि मूल्य शृंखला निर्माण गर्नुपर्छ । यसमा दोस्रो हो- औद्योगिकीकरण र रोजगारी । मधेस भारतसँग जोडिएको रणनीतिक भूगोल हो । सीमावर्ती औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, साना तथा मझौला उद्योग प्रवर्द्धनले स्थानीय रोजगारी सिर्जना गर्न सक्छ । युवालाई वैदेशिक रोजगारीको बाध्यताबाट मुक्त गर्ने एकमात्र बाटो यही हो ।

तेस्रो, शिक्षा र सीप विकास । मधेसको विकासको मेरुदण्ड मानव पुँजी हो । प्राविधिक शिक्षा, स्वास्थ्य शिक्षा, कृषि र उद्योगसँग जोडिएको सीप विकास अनिवार्य छ । विद्यालयमा गुणस्तर सुधार, शिक्षक तालिम र डिजिटल शिक्षामा लगानी बिना दीर्घकालीन परिवर्तन सम्भव छैन ।

चौथो, स्वास्थ्य र सामाजिक सुरक्षा । कुपोषण, मातृ-शिशु मृत्युदर र रोगको बोझ घटाउन प्राथमिक स्वास्थ्य सेवामा बलियो लगानी चाहिन्छ । स्वास्थ्य बिमा, मोबाइल क्लिनिक र स्थानीय तहसँग समन्वय विकासको आधार हो ।

पाँचौं, सुशासन र संस्थागत क्षमता । विकास बजेट छ, तर परिणाम छैन- यो मधेसको साझा पीडा हो । पारदर्शिता, जवाफदेहिता र स्थानीय सरकारको क्षमता अभिवृद्धि बिना विकास नारामै सीमित रहन्छ । नेपालमा चुनाव प्राय: भावना, पहिचान र व्यक्तिकेन्द्रित नारामा सीमित हुन्छ । मधेसमा पनि यही प्रवृत्ति हावी छ । तर अब विकासलाई केन्द्रीय मुद्दा बनाउने समय आएको छ ।

पहिलो, मतदाताको चेतना । जनताले अब प्रश्न गर्न थाल्नुपर्छ, 'तपाईंले पाँच वर्षमा के गर्नुभयो?' जात, धर्म वा दलभन्दा माथि उठेर विकासको हिसाब-किताब माग्नुपर्ने बेला आएको छ । दोस्रो, घोषणापत्रको गम्भीरता । दलहरूले नाराभन्दा ठोस रोडम्याप प्रस्तुत गर्नुपर्छ- कृषि, उद्योग, शिक्षा, स्वास्थ्यमा के, कहिले र कसरी? बजेट र स्रोत के हो? कार्यान्वयन कसले गर्ने?

तेस्रो, स्थानीय मुद्दाको राष्ट्रियकरण । मधेसको विकास समस्या राष्ट्रिय बहस बन्नुपर्छ । बाढी, सुक्खा, सीमा व्यापार, रोजगारी- यी केवल मधेसका होइनन्, राष्ट्रिय मुद्दा हुन् । चौथो, मिडिया र नागरिक समाजको भूमिका । विकास केन्द्रित बहस, तथ्यमा आधारित बहस र जनदबाब बिना चुनावी एजेन्डा बदलिँदैन । मधेसको विकासका लागि केही स्पष्ट प्राथमिकता क्षेत्र छन्- सिँचाइ र जल व्यवस्थापन । बाढी नियन्त्रण र बहुउपयोगी सिँचाइ । कृषि-उद्योग एकीकरण, उत्पादनदेखि बजारसम्म । सीमा व्यापार र लजिस्टिक्स- भन्सार, गोदाम, यातायात । प्राविधिक शिक्षा र सीप, युवामुखी रोजगार ।

स्वास्थ्य र पोषण, मानव विकासको आधार । सुशासन र भ्रष्टाचार नियन्त्रण, विकासको प्राण । सहरी योजना र आवास, अव्यवस्थित सहरीकरण रोक्न । जलवायु अनुकूल विकास, बाढी, तातो हावा र कृषि जोखिम न्यूनीकरण गर्न । मधेस पछाडि परेको छ, तर पछाडि नै रहनु नियति होइन । समस्या पहिचान भइसकेको छह समाधानको बाटो पनि स्पष्ट छ । अब प्रश्न इच्छाशक्ति, नेतृत्व र नागरिक दबाबको हो । चुनाव केवल सत्ता हस्तान्तरणको प्रक्रिया होइन, विकासको दिशानिर्देश तय गर्ने अवसर हो । यदि मधेसले विकासलाई मतदानको केन्द्रमा राख्न सक्यो भने, मधेस मात्र होइन– नेपालकै विकासको गति बदलिन सक्छ । अब मधेसले सहानुभूति होइन, न्यायसहितको विकास माग्नुपर्छ । यही मागले मात्र लोकतन्त्रलाई सार्थक बनाउनेछ ।

चुनाव कुनै औपचारिक अभ्यास मात्र होइन, यो राज्यको दिशा तय गर्ने सामूहिक निर्णय हो । यस्तो निर्णायक घडीमा विकास प्रमुख मुद्दा बन्नु अपरिहार्य छ, किनकि विकास बिना लोकतन्त्र केवल मतदानको प्रक्रियामा सीमित हुन्छ । नागरिकले भोग्ने दैनिक जीवन-रोजगारीको अभाव, कमजोर पूर्वाधार, शिक्षा, स्वास्थ्यको सङ्कट, कृषि र उद्योगको पिछडापन, यी सबै प्रश्नको केन्द्रमा विकास नै हुन्छ । त्यसैले चुनावी बहस भावनात्मक नारा र व्यक्तिपूजाबाट माथि उठेर विकासका ठोस एजेन्डामा केन्द्रित हुनुपर्छ ।

पहिलो, विकास नागरिकको जीवनस्तर सँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । सडक, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्य, डिजिटल पहुँच- यी कुनै अमूर्त सपना होइनन्, दैनिक आवश्यकताहरू हुन् । जब विकास चुनावको मुख्य मुद्दा बन्छ, तब मतदाताले प्रत्याशीलाई 'तिमीले मेरो जीवन कसरी बदल्छौ?' भन्ने प्रश्न सोध्न थाल्छन् । यसले राजनीति उत्तरदायी बन्छ र नेताहरूलाई ठोस योजना, समयसीमा र स्रोत व्यवस्थापनसहित कुरा गर्न बाध्य बनाउँछ । विकास केन्द्रित बहसले झूटा आश्वासनभन्दा नीतिगत स्पष्टतालाई प्राथमिकता दिन्छ ।

दोस्रो, विकास रोजगारी र आर्थिक स्वावलम्बनको मूल आधार हो । नेपालजस्ता मुलुकमा बेरोजगारी, वैदेशिक पलायन र असमानता गहिरो समस्याका रूपमा रहेका छन् । यदि चुनावमा विकास प्रमुख मुद्दा बनाइयो भने उद्योग, कृषि आधुनिकीकरण, पर्यटन, साना तथा मझौला उद्यम, सीप विकासजस्ता विषयले स्थान पाउँछन् । यसले युवा वर्गलाई राजनीतिसँग जोड्छ, किनकि उनीहरूको मुख्य सरोकार भविष्य र अवसरसँग गाँसिएको हुन्छ । विकासको एजेन्डाले राज्यलाई उपभोगमुखी होइन, उत्पादनमुखी अर्थतन्त्रतर्फ डोर्‍याउँछ ।

तेस्रो, विकासले सँघीयता र स्थानीय शासनलाई अर्थपूर्ण बनाउँछ । विकास बिना सँघीय संरचना केवल प्रशासनिक पुनर्संरचना मात्र रहन्छ । चुनावमा विकासको बहस हुँदा प्रदेश र स्थानीय तहको भूमिका, अधिकार र स्रोतको न्यायोचित बाँडफाँडमाथि प्रश्न उठ्छ । यसले 'केन्द्रले के दियो?' भन्दा 'स्थानीय सरकारले के गर्‍यो?' भन्ने संस्कार विकास गर्छ । नजिकको सरकार जवाफदेही हुन्छ, नागरिक सहभागिता बढ्छ र लोकतन्त्रको जरा गहिरिन्छ ।

चौथो, विकास सुशासनसँग गाँसिएको मुद्दा हो । योजना कार्यान्वयन, बजेट खर्च, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता- यी सबै विकासकै अङ्ग हुन् । विकासलाई चुनावी मुद्दा बनाउँदा सुशासन स्वत: छलफलमा आउँछ । मतदाताले नारा होइन, परिणाम खोज्छन् । यसले शक्ति प्राप्तिपछिको राजनीति होइन, नीति-परिणामको राजनीति जन्माउँछ ।

अन्तत:, विकासलाई चुनावको प्रमुख मुद्दा बनाउनु भविष्यप्रतिको जिम्मेवारी हो । विभाजनकारी राजनीति, अस्थायी उत्तेजना र खाली राष्ट्रवादले दीर्घकालीन समाधान दिँदैन । विकासले मात्र आशा, स्थिरता र समावेशी प्रगतिको बाटो खोल्छ । त्यसैले चुनाव जित्ने रणनीति होइन, देश बनाउने दृष्टि विकासमै खोजिनु पर्छ । लोकतन्त्रको सार यही हो- जनताको जीवन बदल्ने राजनीति ।

*(साभार: रातोपाटी)*

# सामाजिक सञ्जाल, आम निराशा र 'विचार'का कुरा

✍झलक सुवेदी

सामाजिक सञ्जाल फेसबुकमा नेकपा एमालेबाट प्रधानमन्त्रीका उम्मेदवार घोषणा गरिएका कमरेड केपी शर्मा ओलीले एउटा स्टाटस लेख्दै देश जलाउने र बनाउने बीचको चुनावका सन्दर्भमा आफू देश बनाउनेको पक्षबाट सार्वजनिक बहसमा उत्रन तयार भएको जानकारी दिए । निर्वाचनको समयमा आम मतदाताले आफ्नो नेता या दलका विचारहरू स्पष्ट सुनेर, उसको प्रस्तुतिको शैली हेरेर को आफ्नो प्रतिनिधि हुन योग्य छ भनेर परीक्षण गर्न सकुन् भनेर यस्ता बहसहरू आयोजना गर्ने चलन छ । यस्तो बहस टेलिभिजन पत्रकारिताले व्यापकता पाएपछि अर्थपूर्ण भएको हो । ओलीले माग गरे जस्तो बहस होस् भन्ने आम मतदाताको चाहना पनि छ । तर केपी ओलीको स्टाटसको जवाफमा प्रतिस्पर्धी उम्मेदवार बालेनले हत्यारा र त्यसको मतियारसँग मञ्च शेयर नगर्ने भनेर लेखे । यससँगै दुवै पक्षका समर्थकहरू दुई कित्तामा विभाजित भए र त्यसका वरपर सामाजिक सञ्जालको बहस केन्द्रित हुँदै गयो ।

यसरी निकट विगतको एउटा घटनातिर फर्केर बाझाबाझ गर्दा चुनावपछि कसले कसरी कस्तो देश बनाउन लागेको छ त्यसका आधार, रणनीति र कार्यक्रमहरू कस्तो तथ्य र सिद्धान्तमा आधारित छन् र ती पुष्टि हुने खालका छन् कि छैनन् भनेर उम्मेदवारको मुखबाट सुन्न र परख गर्न पाउने आम मतदाताको अधिकार खोसिएको छ । यो निर्वाचनका सन्दर्भमा आफूलाई भावी प्रधानमन्त्री दाबी गरिरहेका एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपाका संयोजक प्रचण्ड, कांग्रेस सभापति गगन थापा र रास्वपा नेता बालेन्द्र शाहका बीचमा निम्न विषयमा बहस हुनुपर्ने हो चाहे त्यो साझा मञ्चबाट होस् या आफ्ना-आफ्ना फोरमहरूबाट नै किन नहोस् :

- लोकतन्त्र, समावेशी प्रतिनिधित्व, भौतिक पूर्वाधार, मानवीय विकास, आर्थिक समृद्धि र सामाजिक न्यायका क्षेत्रमा हामीले विगत ३५ वर्षमा के के हासिल गर्‍यौं ?
- के अहिले हासिल भएका उपलब्धि भन्दा धेरै हासिल हुनसक्थ्यो ?
- यदि धेरै हासिल हुनसक्थ्यो भने त्यस्तो उपलब्धि हुन नसक्नुमा कुन कुन दल या कुन कुन सरकार र प्रधानमन्त्री कति कति दोषी हुन् ?
- जे-जति उपलब्धि हासिल भए त्यसको जस कस-कसलाई जान्छ ?
- आज हामी जहाँ छौं त्यहाँबाट अगाडि बढ्न हामीले कस्ता आर्थिक नीति लिनुपर्ने हो, कस्ता संरचनाहरू बनाउनुपर्ने हो ?
- औद्योगिकीकरणका बाधाहरू के के हुन् र सम्बोधन कसरी गर्ने हो ?
- झलक सुवेदी वैदेशिक रोजगारमा अत्यधिक निर्भरता कसरी कम गर्न सकिन्छ ? कति वर्षमा कुन कुन क्षेत्रले कति रोजगारी सिर्जना गर्दा यस्तो निर्भरता कम गर्न सम्भव छ ?
- लोकतन्त्रलाई बलियो बनाउन, सुशासन कायम गर्न, सेवा प्रवाह चुस्त र विश्वसनीय बनाउन के-कस्ता कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्ने हो ?
- शिक्षालाई कसरी गुणस्तरीय बनाउने, कसरी दक्ष जनशक्ति उत्पादनमा प्रतिफलमुखी बनाउने, नवप्रवर्तन र अनुसन्धानमा आधारित विश्व विद्यालय शिक्षाको निश्चितता कसरी गर्ने ?
- स्वास्थ्य सेवालाई सबैको पहुँचमा कसरी लैजाने ?
- जलवायु परिवर्तनका प्रभावहरूको सामना कसरी गर्ने ?
- समावेशीकरण, सामाजिक न्याय र सुरक्षाका क्षेत्रमा सम्बोधन गर्नुपर्ने विषय के के हुन् ? आर्थिक असमानता, असमान वित्तीय पहुँच, बढ्दो वर्गीय खाडललाई कसरी कम गर्न सकिन्छ ? आम नागरिकको जीवनको गुणस्तर कसरी समृद्ध बनाउन सकिन्छ ?
- हाम्रो राष्ट्रिय सुरक्षा, रणनीतिक हित, वैदेशिक व्यापार र अरू देशसँगको सम्बन्धमा रहेका चुनौती तथा अनुकूलता र चालिनुपर्ने कदमहरू के के हुन् ?
- पुराना भनिएकाहरू के के कारणले सही या गलत हुन् र नयाँ भनिएकाहरू के के भएकाले नयाँ भनिएका हुन् ?

यी प्रश्न वरपर रहेर गरिने बहसले मात्रै आम सर्वसाधारणलाई कुइराको काग झैं अलमलिनबाट बचाउँथ्यो । उनीहरूले आफूलाई मन पर्ने विचार या दृष्टिकोण भएकोलाई मत दिन्थे । प्रचलित राजनीतिक भाष्यलाई प्रभावित गरिरहेका उदारवाद, वामपन्थ र लोकप्रियतावादको छिनोफानो पनि यसैबाट हुन्थ्यो ।

यसरी सकारात्मक बहस गर्नुको साटो बहसलाई आक्षेप, व्यंग्य र आरोप-प्रत्यारोपमा धकेलिदिने काम सबैखाले पपुलिष्टहरूको शैली हो (यस्तै एउटा बहसमा लाइभ आइरहेको बेला ट्रम्पले हिलारीलाई न्यास्टी वुमन भनेको धेरैलाई सम्झना होला) । बहसलाई थप उद्देश्यहीन बनाउन अहिले सामाजिक सञ्जाल, एआई र डिपफेक भिडियोहरूले सक्रिय भूमिका खेलेका छन् । तिनले मूल मुद्दालाई हुलमुलमा हराउन छाडिदिएका छन् र के साँचो हो, के आवश्यक हो र के होइन भन्ने ठम्याउन मुश्किल बनाइदिएका छन् । विचारमा होइन घटनामा, चरित्रमा होइन शैलीमा, योजनामा होइन प्रस्तुतिमा मूल्यांकन गर्ने सञ्जाले भाइरसको महामारी छ र यसमा सबै नेताहरू हास्य अभिनेता झैं आफैं सक्रिय छन् ।

"आधुनिक इतिहासका धेरैजसो 'ठूलो राजनीति' सूचनाको अभाव तर अत्यधिक व्याख्या विश्लेषणमा निर्भर भएर चल्थ्यो । डिजिटल युगले उक्त समीकरणलाई उल्ट्याइदिएको छ । आज हामी आधिकारिता कम भएका अत्यधिक कन्टेन्टको बोझमा परेका छौं । डिपफेक-प्राय:जसो एआईको सहयोगमा तयार पारिएका तथा फेब्रिकेट गरिएका भिडियो तथा फोटोहरू-बाट उत्पादित निकै सस्ता तर सामाजिक अन्तर क्रियाका आधारहरूलाई न्यूनीकरण गरिरहेका सामग्रीहरूले प्रामाणिक सार्वजनिक वक्तव्यहरू र दृश्यात्मक प्रमाणहरूलाई समेत अविश्वसनीय बनाइरहेका छन् ।"

डिपफेकले विश्व राजनीतिलाई नयाँ आकार दिइरहेको छ भन्ने शीर्षकमा पिटर्सवर्ग विश्वविद्यालयका सहप्राध्यापक अन्ना सिल्निकको एउटा आलेख रसियाली टिभी नेटवर्कको अनलाइन पेजमा २७ जनवरी २०२६ मा छापिएको छ । आधुनिक राजनीतिको लामो समय सूचनामा सीमित एलिटहरूको मात्र पहुँच भएको र राजनीतिज्ञहरूले गर्ने व्याख्यालाई आधार मानेर समाजले आफ्ना लागि राजनीतिक दल या विचार अथवा शासकहरूको छनोट गर्ने गर्थ्यो । त्यो बार भत्केको छ । अब सूचना त हात हातमा पुगेको छ तर त्यो कति सत्य हो र कति मिथ्या भन्ने छ्यानब्यान गर्न मुश्किल पर्दै गएको छ । यसले समग्र सामाजिक सम्बन्धका पक्षहरू र अन्तत: तर्कपूर्ण तथा ऐतिहासकितासँग मेलखाने विचारधारात्मक बहसहरूलाई ओझेलमा पारि दिएको छ । तर यो अर्धसत्य मात्र हो र यसलाई पूरा सत्य मानेर चल्दा थप गलत निष्कर्षमा पुगिने डर हुन्छ ।

यस्तो गञ्जागोल ल्याउन सहयोग गरेकोमा प्रविधिलाई दोष दिन सत्ताधारी र यथास्थिति कायम राख्न चाहनेहरू प्रतिस्पर्धा गरि रहेका छन् । साँचो हो कि डिपफेक र अल्गोरिदमको दुरुपयोग गरिएको छ तर यस्तो दुरुपयोग मुनाफामा आधारित प्रविधि अर्बपतिहरूको हित रक्षाका लागि शासकहरूले नै दिएका अनुकूलतामा आधारित छ । यी नियन्त्रण र नियमन गर्न नसकिने क्षेत्रहरू होइनन् । प्रश्न खालि यसको मापदण्ड कसले निर्धारण गर्छ, के नैतिक हो र के अनैतिक हो भन्ने सिमा कोर्नु हो । के केसम्म गर्न पाइने हो र नपाइने हो भन्ने कुराका निर्धारण अन्य सार्वजनिक वस्तु तथा सेवाको झैं सार्वजनिक हितका पक्षबाट गर्न सक्नुपर्छ । प्रविधि आफैं मानव समाज विरोधी हुनसक्दैन ।

आधुनिक युगको आरम्भ भएदेखि नै राजनीति मूलत: वर्गहरूको स्वार्थ प्रतिनिधित्व गर्ने भिन्न समूहहरूका बीच हुने बहस, आम जनताले आफ्नो वर्गीय हित हेरेर लिने निर्णयमा आधारित थियो । सामाजिक क्रान्तिहरू त्यसकै उपज थिए । एउटै वर्गको प्रतिनिधित्व पनि भिन्न भिन्न शक्ति या दलहरूले गर्न सक्ने भएकोले राजनीतिक प्रणाली प्राय: बहुपार्टीका बीचको अन्तरक्रियालाई व्यवस्थापन गर्ने औजारका रूपमा संगठित हुने गरेको छ । पूँजीपतिहरूका भिन्न गुटका भिन्न स्वार्थहरू बाझिंदा उही वर्गका धेरै पार्टी हुनुलाई स्वाभाविक मानिन्छ । मजदुर र मध्यमवर्गका हित हेर्नेहरूका पनि भिन्न समूह हुनुलाई सामान्य ठानिन्छ ।

चुनाव आउनु भनेको आम नागरिकले यो या त्यो दलले लिने आर्थिक नीतिहरू, शिक्षा, स्वास्थ्य सेवा र सामाजिक न्याय तथा समावेशीकरणका अरू प्रश्नहरू तथा आन्तरिक शान्ति तथा समृद्धिलाई बल पुग्ने वैदेशिक सम्बन्ध सम्बन्धी दृष्टिकोणका बीच छनोट गर्ने अवसर पाउनु भनेर बुझिन्थ्यो । स्पष्ट छ यी प्रश्न सम्बन्धी धारणामा वामपन्थी, मध्यमार्गी र दक्षिणपन्थी विचारधाराको प्रतिनिधित्व झल्किन्थ्यो । जस्तो नेपालमा कांग्रेसलाई उदारवादी बुर्जुवा वर्गको हितको प्रतिनिधित्व गर्ने र कम्युनिष्टहरूलाई मध्यम तथा श्रमिक वर्गको पार्टीका रूपमा चिनिन्थ्यो ।

दल या उम्मेदवारका धारणाहरूलाई दलको संगठन तथा प्रचार संयन्त्रले आम नागरिकहरूको बीचमा बहस गर्न लैजान्थ्यो । विचारधारात्मक रूपले कसका धारणाले आफ्नो हित गर्छ भन्ने विषयमा मतदाताले चिन्तन गर्न पाउँथ्यो । मानिसहरूसँग छनोटका अवसर सीमित भए पनि उसले आफ्नो स्वार्थ तौलन पाउँथ्यो । नेपालको विगत ३५ वर्षका निर्वाचनको इतिहास हेर्दा कुनै पनि दलले निरन्तर दोस्रो पटक सरकार बनाउने बहुमत प्राप्त गर्न नसकेको मतदाताले आफ्ना हितहरू हेरेकै कारणले हो । यसप्रकारको छनोटलाई दलहरूले विचारधाराको लेप दिएर ल्याउने कार्यक्रमहरूले प्रभावित गरेका हुन्थे ।

अर्थशास्त्रमा एउटा मान्यता छ: बजारमा उपलब्ध वस्तु तथा सेवामध्ये कुन खरिद गर्दा आफूले अधिकतम सन्तुष्टि प्राप्त गर्न सकिन्छ भन्ने बारे उपभोक्ताले सचेततापूर्वक निर्णय गर्छ । जसरी उपभोक्ताले आफूसँगको पैसा अधिकतम प्रतिफल आउने गरी खर्च गर्छ त्यसरी नै हरेक नागरिक या मतदाताले आफूलाई अधिकतम लाभ दिनसक्ने नेता या दल छानेर मत दिन्छ । यो मूलत: विज्ञान तथा प्रविधिमा आएका प्रारम्भिक चरणको औद्योगिक क्रान्तिमा आधारित थियो । अहिले कृत्रिम बौद्धिकतामा आधारित चौथो औद्योगिक क्रान्ति र क्वान्टम भौतिकीको समय हो । उत्पादनका क्षेत्रमा आइरहेका यावत् परिवर्तन र प्रविधिले दिएका सुविधामा आधारित नयाँ समयचेतले नयाँ मान्छेहरू पनि उत्पादन गरिरहेको छ । उसको समाजसँगको सम्बन्ध र अन्तरक्रिया, उत्पादनका औजार र उत्पादन प्रक्रियामा व्यक्तिको संलग्नता, पूँजी र श्रम बीचको सम्बन्धका परम्परागत भाष्यका भौगोलिक तथा मनोवैज्ञानिक सीमाहरू भत्केका छन् । यसले समाजशास्त्रीय अध्ययनका नयाँ ढोका उघारेको छ तर त्यसको पर्याप्त सैद्धान्तिकीकरण भइसकेको छैन ।

*क्रमश: पृष्ठ-३.....*

चुनावी सुरक्षा :

# बुधबारबाट सेना फिल्डमा, कारागारदेखि विमानस्थलको सुरक्षा जिम्मा

काठमाडौं/आगामी २१ फागुनमा हुने प्रतिनिधि सभा निर्वाचनका लागि बुधबार (२१ माघ) देखि नेपाली सेना परिचालन हुने भएको छ । निर्वाचन पूर्वको सुरक्षा योजना अनुसार नेपाली सेना २१ माघदेखि फिल्ड गस्तीमा निस्कन लागेको हो । नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतका अनुसार एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ अनुसार सेना २१ माघदेखि परिचालन हुँदैछ ।

'हाम्रोतर्फको सम्पूर्ण तयारी पूरा भएको छ । २१ माघबाट निर्वाचन पूर्वको सुरक्षा रणनीति अनुसार सेना फिल्डमा खटिन्छ' सहायक रथी बस्नेतले संचारकर्मीसँग भने । निर्वाचन लक्षित गरेर देशभर ७९ हजार ७२७ सेना खटिँदैछन् । उनीहरुले आवश्यकता अनुसार गस्ती पेट्रोलिङ गर्ने बताइएको छ । संवेदनशील क्षेत्र तथा मतदानस्थलहरुको अवस्था हेरेर संयुक्त गस्ती समेत हुने बताइएको छ ।

'संवेदनशीलताका आधारमा सेनाले गस्ती छ । निर्वाचन अधिकृत, नेपाल प्रहरी, सशस्त्र प्रहरीसँगको समन्वयमा तेस्रो घेरामा रहेर सेनाले ड्युटी गर्छ' सहायक रथी बस्नेत भन्छन् । मन्त्रिपरिषद्को सिफारिसमा ११ मंसिरमा राष्ट्रपति रामचन्द्र पौडेलले सेना परिचालनका लागि स्वीकृति दिएका थिए । त्यसपछि सेनाले एकीकृत निर्वाचन सुरक्षा योजना बनाउने, त्यसअनुसार एकीकृत तालिम तथा अभ्यास गर्ने काम समेत गरेको थियो ।

९ असोजको केन्द्रीय सुरक्षा समिति बैठकले गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ तर्जुमा गर्नका लागि कार्यदल गठन गरेको थियो । यो कार्यदलले ३० कात्तिकमा गृहमन्त्री ओमप्रकाश अर्याल संयोजक रहेको केन्द्रीय सुरक्षा समितिमा बुझाएको प्रतिवेदन पास भएको थियो । अहिले यही एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार सेना परिचालनदेखि सुरक्षाका अन्य ड्युटीहरु पनि सुरु भएका छन् ।



### सेनाको हवाई गस्ती, ५ ठाउँमा स्ट्याण्डबाई हेलिकप्टर

निर्वाचनको अवधिमा सेनाले हवाई गस्ती समेत गर्ने भएको छ । विकट ठाउँहरु तथा अतिसंवेदनशील क्षेत्रहरुमा सेनाले हवाई गस्ती गर्नेगरी सुरक्षा व्यवस्था मिलाएको छ । निर्वाचनकै अवधि र निर्वाचन पश्चात मतपेटिका ढुवानीको काममा समेत हेलिकप्टरको प्रयोग हुनेगरी व्यवस्था मिलाइएको सहायक रथी बस्नेत बताउँछन् ।

'हामीले सुरक्षालाई तीन चरणमा बाँडेका छौं-निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात् । यी तिनै चरणहरुमा हवाई गस्तीदेखि हेलिकप्टरमार्फत मतपेटिका ढुवानीको काम हुन्छ' सहायक रथी बस्नेतले संचारकर्मीसँग भने । त्यसका लागि सेनाले विभिन्न पाँच ठाउँहरुमा स्ट्याण्डबाई हेलिकप्टरको व्यवस्था समेत गरिएको छ । जसका लागि सुर्खेत, पोखरा, काठमाडौं, विराटनगर, इटहरीमा स्ट्याण्डबाई हेलिकप्टरको व्यवस्था मिलाइएको छ ।

केही भइहालेमा तुरुन्तै जानुपर्ने अवस्थामा हेलिकप्टरमार्फत सेना तत्कालै फिल्डमा पुग्ने बताइएको छ । सडक सञ्जाल नपुगेका ठाउँहरुमा पनि हेलिकप्टर मार्फत मतपेटिका, मतपत्रहरु ढुवानी सेनाले गर्नेछ । त्यस्तै निर्वाचन सकिए पछि पनि यस्ता ठाउँहरुमा हेलिकप्टर मार्फत नै मतपेटिकाहरु गणनास्थलसम्म ल्याउने काम सेनाले गर्नेछ ।

### बम डिस्पोजल टोली तैनाथ

निर्वाचन भाड्न खोज्ने समूहले बमलगायत बिस्फोटक पदार्थहरु राख्नसक्ने, तर्साउने खोज्ने जस्ता कामहरु हुने भएकाले त्यस्ता वस्तुहरु डिस्पोज गर्न बम डिस्पोजल टोली पनि तैनाथ गरिएको सैनिक मुख्यालय जंगी अड्डाले बताएको छ । त्यसका लागि अति संवेदनशील मतदानस्थलहरु भनिएका ठाउँहरुलाई केन्द्रीत गरेर बम डिस्पोजल टोली पनि तैनाथ पारिएको सेनाले बताएको छ ।

विगतका निर्वाचनहरुमा पनि होक्स (बमजस्तै देखाएर तर्साउनका लागि राखिएका वस्तु), बमहरु राख्ने र निर्वाचन भाड्न खोज्ने केही छिटपुट प्रयास भएका थिए । तर यो पटक त्यस्ता समूह खासै शक्तिशाली देखिएका छैनन् ।

यसपटक मोहन वैद्य (किरण) नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, धर्मेन्द्र बाँस्तोला नेतृत्वको नेकपा (बहुमत), विश्वभक्त दुलाल (आहुती) नेतृत्वको नेपाल कम्युनिष्ट वैज्ञानिक समाजबादी पार्टी, समर जङग नेतृत्वको समाजवादी कम्युनिष्ट पार्टी र महेन्द्र मल्ल नेतृत्वको जनपक्षीय कम्युनिष्ट पार्टीले निर्वाचन बहिस्कार गर्ने घोषणा नै गरिसकेका छन् ।

वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीले 'निर्वाचन बहिस्कार गरौं' भन्दै आइतबार मात्रै काठमाडौंको बाङ्गेमुढामा कोणसभा गरेको थियो । क्रान्तिकारी कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य पूर्णबहादुर खड्काले १६ माघमा सिन्धुलीको दुधौलीमा निर्वाचन बहिस्कार कोणसभापछि पक्राउ नै परेका थिए ।

### विमानस्थलदेखि कारागारको सुरक्षामा सेना

निर्वाचनमा नेपाल प्रहरी, सशस्त्र प्रहरीको पनि ठूलो संख्यामा खटिने भएपछि महत्वपूर्ण प्रतिष्ठानदेखि कारागार, विमानस्थलको सुरक्षा जिम्मा नेपाली सेनालाई दिइएको छ । यो अवधिमा महत्वपूर्ण प्रतिष्ठानमा नेपाली सेनाले सुरक्षा प्रदान गर्ने सहायक रथी बस्नेत बताउँछन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि अन्य विमानस्थलहरु, कारागार कार्यालयहरु, सिंहदरबार लगायतका महत्वपूर्ण ठाउँ तथा प्रतिष्ठाहरुको सुरक्षा सेनाले गर्नेछ । यसअघिका निर्वाचनमा पनि यस्ता प्रतिष्ठानको सुरक्षा नेपाली सेनाले गर्दै आएको थियो ।

### कति सुरक्षाकर्मी खटिन्छन् ?

आगामी निर्वाचनमा ३ लाख ३८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन हुँदैछन् । सेनाका प्रवक्ता बस्नेतकाअनुसार नेपाली सेना मात्रै ७९ हजार ७२७ जना परिचालन हुन्छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेका अनुसार नेपाल प्रहरी ७५ हजार ५९७ जना परिचालन हुन्छन् ।

प्रहरीमातहत नै रहने गरी १ लाख ३० हजार ९८० निर्वाचन प्रहरी परिचालन हुन्छन् । उनीहरुको अहिले तालिम सुरु भइसकेको छ । सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाका अनुसार ३४ हजार ५७६ सशस्त्र प्रहरी निर्वाचनमा परिचालन हुन्छन् । सशस्त्र प्रहरी मातहत नै रहनेगरी १५ हजार ११० निर्वाचन प्रहरी परिचालन हुन्छन् । त्यस्तै १ हजार ९२१ गुप्तचर पनि परिचालन हुन्छन् । चारै वटा सुरक्षा निकाय र निर्वाचन प्रहरी समेत गरेर ३ लाख ३३ हजार ९८० सुरक्षाकर्मी निर्वाचनका क्रममा खटिने गृह मन्त्रालयले बताएको छ ।

### ३६०० बढी अति संवेदनशील मतदानस्थल

सुरक्षाका हिसाबलाई तीन भागमा वर्गिकरण गरिएको छ । जसमा सामान्य, संवेदनशील र अति संवेदनशील भनेर छुट्याइएको छ । प्रहरीको आन्तरिक रिपोर्टअनुसार देशभर अति संवेदनशील मतदानस्थलहरू ३ हजार ६८० छन् । सुरक्षा संवेदनशीलताको हिसाबले सबैभन्दा चुनौतीपूर्ण मधेश प्रदेशलाई लिइएको छ । मधेश प्रदेशका आठ जिल्लामात्रै १ हजार २४६ अतिसंवेदनशील मतदानस्थलहरु छन् ।

जसअनुसार सप्तरीमा २०९, सिरहामा १६३, धनुषामा १९४, महोत्तरीमा १६३, सर्लाहीमा १५८, रौतहटमा १५२, बारामा १४५ र पर्सामा ६२ मतदानस्थलहरु अति संवेदनशीलको सूचीमा छन् । त्यसैगरी कोशी प्रदेशका ४३९, बागमतीका ३५४, गण्डकीका ३२८, लुम्बिनीका ३४, कर्णालीका ३५८ र सुदूरपश्चिम प्रदेशका ४८१ मतदानस्थलहरू अति संवेदनशीलको सूचीमा छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'कुमारी'ले लभस्टोरीको युग फर्काउला ?



काठमाडौं/सन् २०२५ मा रिलिज भएको लभस्टोरी बलिउड फिल्म 'सैयारा'ले विश्वभर अविश्वसनीय कमाइ गर्‍यो । भारतमा मात्र झन्डै ४ सय करोड कमाएको यो फिल्मले बलिउडमा मृतप्राय: रहेको लभस्टोरी जनरालाई नै पुनर्जीवित गरेको छ । यसको सफलतापछि बलिउडमा लभस्टोरी फिल्मको बाढी आइरहेको छ । र, त्यसको प्रभाव नेपालमा समेत देखिएको छ ।

'सैयारा'ले बक्स अफिसमा उधुम मच्चाइरहँदा त्यही समयमा नेपालमा लभस्टोरी फिल्म 'कुमारी'को घोषणा भएको थियो । फिल्मको घोषणा पोस्टर सार्वजनिक हुँदा कतिपयले 'सैयारा'सँग समेत दाँजेका थिए । तर, गीतदेखि ट्रेलरसम्म आइपुग्दा फिल्मको कथा विल्कुलै फरक देखिएको छ । यद्यपि, 'सैयारा' जस्तै 'कुमारी' व्यावसायिक रूपमा सफल हुन्छ कि हुँदैन भन्ने चासो धेरैमा छ ।

फिल्मका निर्देशक दिनेश राउतले राखेको अपेक्षा भने व्यावसायिक पक्षभन्दा बढी 'सैयारा' जस्तै 'कुमारी'ले नेपालमा लभस्टोरी जनरालाई पुनर्जीवित गरोस् भन्ने छ । यो फिल्मबाट उनी हलमा विरलै देखिने युवापुस्तालाई आकर्षित गर्न चाहन्छन् । त्यसका लागि नै आफूले लामो समयपछि लभस्टोरी फिल्म बनाएको उनको भनाइ छ ।

उनी भन्छन्, 'मेरो उद्देश्य 'कुमारी'बाट लभस्टोरी जनरा पुनर्जीवित होस् भन्ने नै हो । सायद मप्रति धेरैको अपेक्षा पनि यही होला । मैले आफ्नो तर्फबाट जति जानेको छु, त्यो गरेको छु । पछिल्लो समय एउटा उमेर समूहका दर्शक हलमा त्यति देखिँदैनन् । त्यो समूहलाई हलसम्म ल्याउनकै लागि पनि मैले 'कुमारी' बनाएको हुँ । अब नतिजा के आउँछ, त्यो पर्खाइको विषय हो ।'

कतिपयले नामका कारण जीवित देवीको रूपमा पुजिने कुमारीको विषयमा फिल्म आधारित हुनसक्ने अनुमान गरेका छन् । तर, निर्देशक राउतले फिल्मको कथा कुमारीसँग सम्बन्धित नरहेको स्पष्ट पारेका छन् । उनी भन्छन्, 'सतही रूपमा बुझ्दा धेरैलाई फिल्ममा जीवित देवी कुमारीको विषय छ कि भन्ने हुनसक्छ । तर, फिल्मको कथा त्यो होइन । अहिलेलाई यति मात्र भन्न सक्छु ।'

यही शुक्रबार (२३ माघ) बाट प्रदर्शन हुन लागेको 'कुमारी'मा अबिषेक खड्का र आकृति राज भण्डारीको मुख्य भूमिका रहेको छ । आकृतिको यो डेब्यु फिल्म हो । घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का लगायतका कलाकारहरूको पनि रहेको यस फिल्ममा विकास सुवेदीको लेखन, सुसन प्रजापतिको छायाङ्कन तथा सुप्रिम पराजुलीको सम्पादन छ ।

# 'द ब्लू लाइट'को प्रदर्शन स्थगित गर्ने निर्माताको निर्णय




काठमाडौं/सहिद दिवसको दिन पारेर शुक्रबार (१६ माघ)बाट प्रदर्शनमा आएको फिल्म 'द ब्लू लाइट'लाई निर्माताले हलबाट उतार्ने निर्णय गरेका छन् । सोमबार निर्माता कम्पनी स्काइफल पिक्चर्सको तर्फबाट निर्देशक बलिराम चौहानले एक विज्ञप्ति जारी गर्दै फिल्मलाई पुन: प्रदर्शन गर्ने गरी हलबाट हटाउने निर्णय भएको जानकारी गराएका हुन् ।

दर्शकबाट फिल्मलाई नेपाली फिल्मका लागि फरक, नयाँ र महत्वपूर्ण प्रयासका रूपमा मूल्याङ्कन गर्दै अझ व्यापक प्रचार-प्रसार आवश्यक रहेको सुझाव प्राप्त भएपछि आगामी दिनमा थप सशक्त तयारी र प्रभावकारी प्रचार रणनीति सहित पुन: प्रदर्शन गर्ने योजनासहित फिल्मलाई हालका लागि हलबाट हटाउने निर्णय गरिएको चौहानद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

'द ब्लू लाइट'ले दर्शकबाट सुखद प्रतिक्रिया पाएको भए पनि व्यापार निराशाजनक थियो । फिल्मले प्रदर्शनको तीन दिन देशव्यापी २० प्रतिशत पनि अकुपेन्सी हासिल गर्न सकेन । आइतबारबाट फिल्मका धेरै शो गुमेपछि निर्माताले 'फ्लप'को ट्यागबाट जोगिन चौथो दिन नै रिलिज स्थगित गरेको देखिन्छ । पछिल्लो समय फिल्म नचलेपछि विभिन्न बहानामा रिलिज रोक्ने ट्रेन्ड नै बनेको छ ।

साइकोलोजिकल थ्रिलर जनरामा निर्माण भएको यस फिल्ममा अर्पण थापा, बेनिशा हमाल, आयुष्मान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी लगायतको अभिनय रहेको छ । भोलानाथ कटुवाल र रमन ग्रे सह-निर्माता रहेको फिल्मका कार्यकारी निर्माताहरू बेनिशा हमाल र नरेन्द्र मैनाली हुन् । बेनिशाले यो फिल्मको डिजिटल अधिकार समेत खरिद गरेकी छन् ।

# सामाजिक सञ्जाल, आम...

यही अलमलका बीच आफ्नो अस्तित्वका शर्तहरू गुजमुजिएको देखिरहेको र असुरक्षित अनुभव गरिरहेका नागरिकका चिन्ताहरू आक्रोश र भय सहित सञ्जालमा पोखिने गरेका छन् । छिटो रिसाउने, लामो समय पर्खने धैर्य नभएको र गन्तव्य निश्चित नभएको नागरिक चेत अहिलेको वास्तविकता बनेको छ । पुराना विचारधाराहरूले आफूलाई नयाँ समयको चेतना अनुरूप पुनर्पुष्टि गर्नुपर्ने भएको छ ।

कतिपय समाजले दक्षिणपन्थी या वामपन्थी रुझानका आधारमा आफूलाई पुनर्व्याख्या र पुनर्पुष्टि गर्दै गएका छन् । हामीकहाँ खासगरी दलहरूको नेतृत्व र पात्रहरूका प्रतिको घृणा र आक्रोश विचार धाराकै खिलाफमा व्यक्त हुने गरेको छ । नेपाली समाजमा देखिएको यो संक्रमणकालीन अवस्था विभिन्न रूपमा व्यक्त हुँदै गर्दा फागुन २१ पनि भदौ २४ को नयाँ संस्करणका रूपमा आउने सम्भावना रहेको छ ।

समाजको यो चलायमान गतिलाई अल्गोरिदमहरूले केही हदसम्म प्रभावित गरिरहेको छ । सँगसँगै यसले सूचनाका स्रोतहरूलाई एलिटहरूको हातबाट जनसाधारणका हातसम्म पुर्‍याएको छ । सूचना र संवादको स्पेशमा सर्वसाधारणको पहुँच बढाइदिएको छ । यसैगरी धेरैजसो घटनामा समग्र समाजको विचारधारात्मक अन्तरक्रियालाई गहन दार्शनिक या सैद्धान्तिक विश्लेषणको क्षेत्रबाट लतारेर साना-साना घटनाहरूको विद्रुप प्रस्तुति र त्यसको पक्ष या विपक्षमा हुने टिप्पणीमा झारिदिएको छ ।

केही दिन पहिले नेकपाका अध्यक्ष प्रचण्डले सामाजिक सञ्जाललाई दुरुपयोग गरेर बालेनहरूले शक्ति आर्जन गरिरहेको भन्दै असन्तोष व्यक्त गरे । साथै उनले यस्ता सञ्जालको दुरुपयोगले विचारधारात्मक बहसलाई रोकेको छ भन्ने गुनासो पनि गरेका थिए ।

यहाँ उनले नबुझेको कुरा के हो भे जस्तो सुकै प्रविधि पनि जस्ताका हातमा पर्‍यो उस्तै प्रयोग हुने हो । जसरी बन्दुकले लक्ष्य निर्धारण गर्दैन त्यसरी नै सञ्जालले पनि विषय निर्धारण गर्ने होइन । शक्तिशालीहरुले विचारधारात्मक बहसलाई म्यानिपुलेशन गर्न पैसा, प्रविधि, गुप्तचर संयन्त्रहरुको प्रयोग पहिले पनि गर्थे अहिले पनि गरेकै छन् । वैचारिक रूपले काम गर्नुपर्नेहरूले यसको प्रयोग गर्न नसक्दा यसको दुरुपयोग गर्नेले फाइदा लिएको मात्र हो ।

त्यसलाई विचारधारात्मक रूपले समाजमा बहस सिर्जना गर्न पनि प्रयोग गर्न सकिन्छ । आफू त्यसमा चुक्ने र दुरुपयोग गर्नेलाई गाली गरेर मात्र समाधान निस्कने होइन । गम्भीर विषयमा विचार विमर्श, प्रस्ताव, खण्डन, तथ्यमा आधारित रहेर सूचनाहरूको विभिन्न कोणबाट विश्लेषणाले मात्रै मानिसहरूलाई कसका विचारको समर्थन गर्ने र विरोध कसको गर्ने भन्ने निर्णय लिन मद्दत गर्थ्यो । सञ्जालहरू यसका साधन हुनसक्छन् ।

भदौ २४ को घटना २३ सँग जोडिन्छ र २३ को घटनाको तात्कालिक सम्बन्ध सामाजिक सञ्जालमाथि प्रतिबन्धसम्म तन्किन्छ । तर यस अगाडि देखिनै समाज चरम निराशा र आक्रोशमा थियो । समाजमा शासकहरूप्रति रहेको तीव्र घृणा, मानिसको जीवनलाई कष्टकर बनाउँदै लगेको आर्थिक मन्दी, आर्थिक अवसरहरू या महिना धान्न पुग्ने आम्दानीको अभाव जस्ता कुराले पिरोलिएका सीमान्तकृत नागरिकहरूमा रहेको आक्रोशको अत्यधिक प्रज्वलनशील झुलोमा चकमक र गड्ने काम यस्ता प्रचार सामग्रीहरूले अवश्य गरेका थिए ।

गत साता ख्यालख्यालमै यसअघि कहिल्यै जान नपाएको ऐतिहासिक नगरी खोकनातिर घुम्ने अवसर मिल्यो । म्युजिकल फेष्ट पनि चलिरहेको थियो । उपत्यकाका युवायुवतीहरू संस्कृतिको पुनर्जागरणका प्रति सक्रिय देखिए । रैथाने फुड फेष्ट जस्तो सडकमा चलिरहेको । यसैक्रममा चिया खाँदै गरेको बेला केही जेनजी युवायुवतीहरू भेटिए । राजनीतिमा के ठिक हो र के बेठिक भनेर खुट्याउन बल गरिरहेका र समकालीन समाजबारे सचेत धारणा बनाउँदै गरिरहेका जागरुक थिए उनीहरू । उनीहरू आफूलाई आशावादी देखाउन जबर्जस्ती प्रयास गरिरहेका देखिन्थे ।

एक जना अमेरिकाबाट अर्थशास्त्रमा मार्स्टर्स गरेर यता आएकी । भन्दै थिइन् लोकल इकोनोमी बारे पढाउँछु कलेजमा । नेपालमा आउँदाको उत्साह सेलाउँदै गएको र दोधारमा रहेकी । उनले कुराका सन्दर्भमै पत्रकार मित्र सीताराम बराललाई प्रश्न गरिन्: नेपालमा बसेर गरिने कमाइले जीवनका आवश्यकता पूरा गर्न सकिएला र ?

अर्थात् हामीले युवायुवतीहरू सामाजिक सञ्जालले गर्दा विचार विहीन भए भन्दै गर्दा दुईथरी कुरा भुल्न हुँदैन । पहिलो उनीहरू केवल असन्तुष्टि पोखिरहेका या विरोध गरिरहेका होइनन् प्रश्न गरिरहेका छन् । यस्तो प्रश्न स्वाभाविक रूपमा देश बनाउँछु भनेर राज्य सञ्चालनको तहमा पुगेकाहरूलाई नै गरिन्छ । निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका दल र भावी प्रधानमन्त्रीको दाबी गरिरहेका उम्मेदवारले सोच्नुपर्छ किन उनीहरू यस्ता प्रश्न गरिरहेका छन् ?

दोस्रो, हेर्नुस् त अहिलेको अनिश्चितता । बेरोजगारी । न्यून र अनिश्चित आयस्ता । जिउनकै लागि कठोर श्रम गर्न विदेशिनुपर्ने ऋण काढीकाढी । यस्तो बेला उनीहरूले आक्रोश पोखे भनेर हुन्छ ? अल्गोरिदमले बरालेको जवाफ दिएर हुन्छ ?

*(साभार: अनलाइनखबर)*

# सुस्त गति लिँदै अर्थतन्त्र, सबल अवस्थामा वाह्य क्षेत्र

काठमाडौं/चालु आर्थिक वर्ष पहिलो ६ महिना बितिसक्दा बल्ल अर्थतन्त्रले सुस्त गति देखाएको छ । समग्र मागमा कमी आएका कारण सुस्त भएको अर्थतन्त्रमा आर्थिक गतिविधि बढेको हो । चालु आव पछिल्लो तीन महिना क्रमिक रूपमा आर्थिक गतिविधि बढेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

केन्द्रीय बैंकका अनुसार आर्थिक गतिविधि बढेपछि मूल्यवृद्धि पनि बढेको छ । चालु आव पछिल्ला तीन महिना ऋणात्मक हुन लागेको मुद्रास्फीति बढ्न थालेको तथ्यांकले पनि आर्थिक गतिविधि बढ्न थालेको देखाएको छ ।

त्यस्तै बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा गएको कर्जा पनि करिब २ खर्ब पुगेको आधारमा अर्थतन्त्रले सुस्त गति समाउन खोजेको स्पष्ट हुन्छ । केन्द्रीय बैंकका अनुसार कात्तिकमा १.११ प्रतिशत रहेको मुद्रास्फीति मंसिरमा बढेर १.६३ प्रतिशत पुगेको थियो । त्यसैगरी पुसमा मुद्रास्फीति २.४२ प्रतिशत पुगेको छ । यो तथ्यांकका आधारमा पनि आर्थिक गतिविधि बढेको स्पष्ट हुन्छ । त्यस आधारमा पनि सुस्त रहेको अर्थतन्त्रले सुस्त गति लिन थालेको देखिन्छ ।

चालु आव ६ महिनासम्म अर्थतन्त्रको वाह्य क्षेत्र आवश्यकता भन्दा सबल अवस्थामा छ । तर, अन्तरिक गतिविधि बढ्न नसक्दा समग्र अर्थतन्त्र सुस्त भएको हो । अर्थतन्त्रको वाह्य क्षेत्रको कुरा गर्दा कुल विदेशी विनिमय सञ्चिति ३२ खर्ब ४२ अर्ब ४५ करोड छ । अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १७ करोड पुगेको छ । यस्तो सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने केन्द्रीय बैंकले जनाएको छ । त्यसैगरी चालु खाता ४ खर्ब २९ अर्ब ९१ करोड र शोधनान्तर ५ खर्ब १ अर्ब २४ करोड बचतमा छ । विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३९.१ प्रतिशत र अमेरिकी डलरमा ३२.३ प्रतिशतले बढेको छ ।

# 'आ बाट आमा' हेर्दा भावुक बने दर्शक, सिक्वेलको माग

काठमाडा/सहिद दिवसको दिन पारेर शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा सुखद व्यापार गरिरहेको छ । शुक्रबार औसत रहेको फिल्मको व्यापार शनिबार उत्साहप्रद रह्यो । आइतबार पनि फिल्मले देशव्यापी ४० प्रतिशतमाथि अकुपेन्सी हासिल गरेको थियो । बलियो 'वर्ड अफ माउथ'ले सोमबार अकुपेन्सी दर थप वृद्धि भएको देखिन्छ ।

फिल्मले व्यापारसँगै दर्शकबाट प्रतिक्रिया पनि उत्साहजनक पाएको छ । फिल्म हेर्ने अधिकांश दर्शक गहभरि आँसुसहित हलबाट निस्किएका छन् । धेरैले फिल्म हेर्दा आफ्नो आमा सम्झिएको प्रतिक्रिया दिएका छन् । कथादेखि कलाकारहरूको अभिनयको उत्तिकै प्रशंसा भइरहेको छ । कतिपयले फिल्मको सिक्वेलको समेत माग गरेका छन् ।

दर्शकबाट सकारात्मक प्रतिक्रिया आइरहँदा फिल्मका निर्देशकदेखि कलाकारसम्म उत्साहित देखिएका छन् । प्रदर्शनको दिनदेखि हल भ्रमणमा रहेका अभिनेता पल शाहले फिल्मको कथालाई दर्शकले आफ्नो सम्झिएकोमा खुसी व्यक्त गरे । उनले 'आ बाट आमा'मा कृष्ण पात्रको भूमिका नखेलेको भए आफूलाई जीवनभर पछुतो हुने समेत प्रतिक्रिया दिएका छन् ।

द्वन्द्व निर्देशकको रूपमा परिचित चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्ममा पलसहित विपना थापा, प्रदीप रावत (गजनी भिलेन), उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, रचना गौतम लगायतका कलाकारहरूको अभिनय रहेको छ । आमाबाबु र सन्तान बीचको भावनात्मक सम्बन्धलाई केन्द्रमा राखेर यो फिल्मले वैदेशिक रोजगारी र त्रिकोणात्मक प्रेमकथा प्रस्तुत गरेको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# ४ हजार ४ सय ३ जना किशोरीलाई एचपीभी खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/यही माघ २५ गतेदेखि फागुन २२ गतेसम्म पाठेघरको मुखको क्यान्सर बिरुद्धको एचपीभी (सिकोलिन) खोप सेवा सुरुहुने भएको छ ।

सोमबार हेटौंडामा सञ्चारकर्मी तथा सरोकारवालासँग अन्तरक्रिया गर्दै जनस्वास्थ्य कार्यालय मकवानपुरले खोप कार्यक्रमबारे जानकारी दिएको हो । नेपाल सरकारको पाठेघरको मुखको क्यान्सरबिरुद्ध किशोरीलाई एचपीभी खोपसेवा दिने कार्यक्रम अनुसार कार्यक्रम गर्न लागिएको जनाइएको छ । माघ २५ देखि फागुन २२ सम्म सञ्चालन हुने खोप कार्यक्रममा जिल्लाका ४ हजार ४ सय ३ जना किशोरीलाई खोप लगाइने भएको छ । यसवर्षको लक्ष्यित समूहमा जिल्लाभरका विद्यालयमा कक्षा ६ मा अध्ययनरत ४ हजार २ सय ३० जना र विद्यालय नजाने १० वर्ष उमेरका १ सय ६ जना बालिका तथा अघिल्लो वर्षमा खोप लगाउन छुटेका ११ वर्षदेखि १४ वर्ष उमेर समूहका ५७ जना जनालाई एचपीभी खोप लगाइने निमित्त कार्यालय प्रमुख लक्ष्मण घिमिरेले जानकारी दिएका छन् ।



माघ २५ देखि २९ गतेसम्म जिल्लाका विद्यालयमा कक्षा ६ मा अध्ययनरत बालिकालाइ खोपसेवा दिने र त्यसपछि फागुन २२ गतेसम्म पालिकामार्फत विद्यालय नजाने १० वर्षका बालिकालाई खोप दिइने कार्यक्रम तोकिएको छ । यौनकार्यमा सक्रिय हुनुपूर्वकै उमेरमा यो खोप लगाइ महिलालाई पाठेघरको मुखको क्यान्सर हुनबाट जोगाउने उद्देश्यले यो खोप लगाइने गरेको यसअघि नै नेपाल सरकारले जनाएको छ । नेपालमा हरेकवर्ष २ हजार१ सय ६९ जनालाईपाठेघरको मुखको क्यान्सर हुने गरेकोमा तिमध्ये १ हजार ३ हजार १३ जनाको मृत्यु नै हुने अनुमान रहेको जानकारी दिदै क्यान्सरकै कारण मृत्यु हुनेमध्ये पाठेघरको मुखको क्यान्सर पहिलो कारण रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो ।

ह्युमन प्यापिलोमा भाइरस नामक यो भाइरस महिलाको पाठेघरमा करिब २० वर्षसम्म र हँदा यसले क्यान्सर हुने जनाइएको छ । तत्कालीनरुपमा खोप लगाउदा दुख्ने, छाला रातो देखिने, रिङगटा लाग्ने लगायत समस्या कसैकसैलाई देखिएपनि यसबाट केही पनि हानी नहुने स्वास्थ्यकर्मीको भनाइ छ । पछिल्लो समय बिश्वभर अत्याधिक समस्याको रुपमा रहेको पाठेघरको मुखको क्यान्सर नेपालमा बढ्दै गएपछि नेपाल सरकारले पहिलोपटक २०७६/७७ मा खोप कार्यक्रम सञ्चालन सुरु गरेको थियो ।

त्यसपछि आर्थिक वर्ष २०७९/८० र तेस्रोपटक आर्थिक वर्ष २०८१/८२ मा अभियानको रुपमा एचपीभी खोप कार्यक्रम सञ्चालन भएकोमा यस बर्षबाट भने यो खोप कार्यक्रम प्रत्येक वर्ष नियमित रुपले सञ्चालन हुने स्वास्थ्य कार्यालयले जनाएको छ ।

खोप कार्यक्रमसँगै प्रत्येक वर्ष पाठेघर परीक्षण (स्क्रिनिङ) कार्यक्रम पनि जिल्लाका प्रत्येक पालिकामा सञ्चालन गर्दै आएको कार्यक्रममा जनाइएको छ । अर्न्तक्रिया कार्यक्रममा डा. तारा बानियाँ, उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रयि उपाध्यक्ष बासु खतिवडालगायत सञ्चारकर्मीको सहभागिता थियो ।

# बिजय गौतम भन्छन्: 'यो वडा, क्षेत्र र देश बदल्ने अभियान हो'



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेपाली कम्युनिष्ट पार्टीले मकवानपुरको हेटौंडा उपमहानगरका विभिन्न वडामा आयोजना गरेको अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचार प्रसार कार्यालय उद्घाटन कार्यक्रमले चुनावी माहोल थप तातेको छ ।

सोमबार हेटौंडा उपमहानरको ४ ओटा वडामा उत्साहजनक सहभागितामा अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचार प्रसार कार्यालय उद्रघाटन गरिएको छ । हेटौंडा-१२ हात्तीगौंडा, हेटौंडा-१३ पदमपोखरीचोक, हेटौंडा-१४ मयुरधापचोक र हेटौंडा-७ नागस्वती चोकमा अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मकवानपुर जिल्ला निर्वाचन क्षेत्र नम्बर १ बाट नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार विजय गौतमले यो निर्वाचन केवल जीत-हारको प्रतिस्पर्धा मात्रै नभई वडा, क्षेत्र र देश बदल्ने अभियान भएको बताए । उनले भने, 'हामी साँच र मानका लागि आएका हौं। यो अभियान परिवर्तनको अभियान हो । त्यसैले घरघरमा पुगेर यो सन्देश फैलाउनु पर्छ ।' गौतमले सुशासन र सशक्त कार्यकारी व्यवस्थालाई अहिलेको प्रमुख राजनीतिक एजेन्डा भएको उल्लेख गर्दै उत्पीडित वर्ग, जाति, क्षेत्र र निम्नवर्गका अधिकार स्थापित गर्ने सवालमा आफ्नो पार्टी प्रतिबद्ध रहेको स्पष्ट पारे ।

'मैले कहिल्यै तपाईंहरुको शीर झुक्ने काम गरेको छैन र भविष्यमा पनि गर्ने छैन,' उनले भने, 'जे गर्छु, तपाईंहरुको शीर उच्च हुने काम गर्छु ।' कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीकी केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तान, केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी 'छिन्तु', केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, ध्रुवकुमार भुजेल, केन्द्रीय सदस्य मीनाकुमारी लामा, बागमती प्रदेश सचिवालय सदस्य ललित घलानलगायत नेताले पनि सम्बोधन गरेका थिए ।

उनीहरुले पार्टीको एजेन्डा, संगठन सुदृढीकरण र घर दैलो अभियानलाई प्रभावकारी बनाउन कार्यकर्तालाई आह्वान गरे ।

त्यस्तै, कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका बागमती प्रदेश सदस्य रामजी नेपाल, माधव तिमल्सिना र मकवानपुर संयोजक भीम पाखिनले पनि मन्तव्य राख्दै हरेक टोलटोल र घरघरमा पुगेर पार्टीको सन्देश पुऱ्याउन कार्यकर्तालाई निर्देशन दिए ।

नेताहरुले समय कम रहेकाले अब वडा बैठक, टोल बैठक र घरदैलो अभियानलाई तीव्रता दिनुपर्नेमा जोड दिए । बागमती, बकैया र हेटौंडामा सुरु भएको अभियानले स्पष्ट सन्देश दिएको भन्दै उनीहरुले विजय गौतमको जित सुनिश्चित गर्न एकताबद्ध भएर मैदानमा उत्रन सबैलाई आग्रह गरे ।

कार्यक्रममा सहभागी कार्यकर्ताले निर्वाचन अभियानलाई थप सशक्त बनाउँदै जनतामाझ पार्टीको नीति, कार्यक्रम र उम्मेदवारको प्रतिबद्धता पुऱ्याउने संकल्प व्यक्त गरेका थिए । हेटौंडा-१२ हात्तीगौंडामा रामहरि पोखरेलको अध्यक्षता, हेटौंडा-१३ पदम पोखरीचोकमा सूर्यबहादुर छुमीको अध्यक्षता, हेटौंडा-१४ मयुर धापचोकमा सानुकान्छा रुम्बाको अध्यक्षता र हेटौंडा-७ मा बासुदेव कटुवालको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# स्वरुप परिवर्तन गरी चलाइएका १२ वटा मोटरसाइक्ल नियन्त्रणमा



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ स्वरुप परिवर्तन गरी चलाइएका १२ वटा मोटरसाइकललाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

शनिबार र आइतबार ट्राफिक प्रहरी कार्यालयबाट खटिएको प्रहरीटोलीले बजारक्षेत्रमा चेकजाँच गर्ने क्रममा विभिन्न ब्राण्डका १२ वटा मोटरसाइकल नियन्त्रणमा लिएको हो । सवारीसाधनको विभिन्न पार्टपुर्जा फेरेर स्वरुप परिवर्तन गर्ने, साइलेंसर बिगारी वा परिवर्तन गरी पड्किने आवाज निकाल्ने, रातको समयमा चर्को ध्वनिप्रदूषण मच्चाउने, समाजमा अशान्ति र आतंक सृजना गर्ने गरी चलाइएका मोटरसाइकलमाथि कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रमुख एवम् प्रहरीउपरीक्षक श्यामबहादुर खत्रीले बताए ।

उनका अनुसार बा.प्र. ०३-००६ प ४८९८, प्र.३-०२-००९ प ५१८१, ना ४३ प ९८, बा.प्र. ०३-००५ प ७५८८, बा.प्र.३-००५ प ९६१९, बा ३९ प ९१४१, बा.प्र. ०३-००५ प ९०९०, बा ५४ प ४८९८, ध १ प ५९२३, प्र.३-०२-०१० प ९९०८, ना ५७ प ८५०७ र बा.प्र.०६-००१ प ८७५० नम्बरको मोटरसाइकल नियन्त्रणमा लिइएको छ । नियन्त्रणमा लिइएका मोटर साइकललाई यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ बमोजिम कसुर मा आवश्यक कारबाहीका लागि यातायात व्यवस्था कार्यालय, हेटौंडामा पठाइएको उनले बताए ।

कारवाही भएर आए पश्चात् मोटरसाइकललाई मुल स्वरुपमा नल्याउँदासम्म चालकलाई मोटरसाइकल फिर्ता नगरिने उनले बताए । प्रहरीले अनुमतिबिना सवारीसाधन मोडिफिकेसन नगर्न सर्वसाधारणलाई आग्रह गर्दै अभियानलाई निरन्तरता दिने जनाएको छ ।

# १४ बिगाहा क्षेत्रफलको गाँजा र अफिमखेती फँडानी

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मकवानपुरको उत्तरीभेगमा अवैधरुपमा गरिएको लागूऔषध गाँजा तथा अफिमखेती फँडानी गरी नष्ट गरिएको छ । माघ १६ गतेदेखि १८ गतेसम्म बागमती प्रदेश प्रहरीगण हेटौंडा, जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा मातहतका प्रहरी कार्यालयबाट संयुक्तरुपमा खटिएको प्रहरी टोलीले कैलाश गाउँपालिकाभित्र विभिन्न स्थानमा गरिएको अवैधखेती फँडानी गरेको हो ।

प्रहरीकाअनुसार कैलाश गाउँपालिका वडा नम्बर १, २, ५, ६, ७ र ८ का विभिन्न स्थानमा फैलिएको करिब २ बिगहा क्षेत्रफलको गाँजा र १२ बिगहा क्षेत्रफलको अफिमखेती फँडानी गरी नष्ट गरिएको छ ।

लागूऔषध नियन्त्रण तथा अवैधखेती निरुत्साहित गर्ने उद्देश्यले यस्तो अभियान सञ्चालन गरिएको प्रहरीले जनाएको छ । अवैध लागूऔषध उत्पादन, ओसार पसार तथा कारोबारविरुद्ध प्रहरीको निगरानी र कारबाहीलाई अझ कडा बनाइने प्रहरीले बताएको छ ।

# इन्द्रसरोबरमा बर्तौलाको व्यस्तता



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेकपा (एमाले) का नेता तथा मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार महेशकुमार बर्तौला इन्द्रसरोवर गाउँपालिकामा अघिल्लो कार्यकालमा क्षेत्रको विकास र नीति निर्माणमा खेलेको भूमिका स्मरण गराउँदै अधुरा काम पूरा गर्न मतदाताको साथको अपेक्षा गर्दै मतदातासँग भेटघाटमा व्यस्त छन् ।

भेटघाटका क्रममा उनले अघिल्लो कार्यकालमा जनताको पक्षमा आवाज उठाएको भन्दै बाँकी योजना पूर्णगर्न यसपटक पनि मतदाताको साथ खोजेका छन् । भेटघाटमा स्थानीयवासीले बर्तौलाप्रति सकारात्मक संकेत देखाइरहेका छन् । स्थानीय मतदाताले बर्तौलालाई निरन्तर जनताको बीचमा रहने र संसदमा स्थानीय एजेन्डा अघि बढाउने नेता भनेका छन् । स्थानीय अगुवा धनवीर स्याङतानले कतिपय नेता चुनावका बेलामात्रै गाउँमा आउने तर, बर्तौला सधैं उपस्थित रहने हुँदा पनि उनलाइ नै रोज्ने बताए ।

मतदाताले स्थानीय विकाससम्बन्धी विभिन्न माग पनि राखेका छन् । २९ वर्षीय मनोज तामाङले सडक पूर्वाधार सुधारका लागि बजेट व्यवस्थापन गर्न सुझाव दिए, भने ६७ वर्षीय सन्तमान लामाले आफूहरु पुराना मतदाता भएको र यसपटक पनि सूर्यचिन्हमा मतदान गर्ने बताए । भेटघाटका क्रममा नयाँगाउँका जीतबहादुर घिसिङले बालबालिकाको शिक्षाको पहुँच सुनिश्चित गर्न गाउँमै विद्यालय निर्माणको माग राखे । यसविषयमा गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । इन्द्रसरोवर-५ की नमिता विश्वकर्माले महिलाको आर्थिक स्थिति सुधार्न उद्यमशीलता कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

भेटघाटका क्रममा समानुपातिक उम्मेदवार मेम्बर लो तामाङले एमाले अझै सुदृढ रहेको र कार्यकर्तापङ्क्ति सचेत रहेको दाबी गरे । भेटघाटमा प्रदेश कमिटी सदस्य नारायण रिजाल, जिल्ला सदस्य बुद्धिराम डिम्डुङ, युवा संघका केन्द्रीय सदस्य राजन लामा, गाउँपालिका अध्यक्ष पुडासैनी, पार्टी गाउँकमिटी अध्यक्ष चिरञ्जीवी पौडेल र सचिव राजु बस्नेतलगायतको उपस्थिति रहेको निर्वाचन फोकल पर्सन आशिष अस्लामीले बताए ।

# भीमफेदी कारागार र बालसुधार गृहबाट भागेका तीन कैदीबन्दी पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा भीमफेदी कारागार र हेटौंडा बाल सुधारगृहबाट फरार रहेका तीनजना कैदीबन्दीलाई प्रहरीले पक्राउ गरेको छ ।



भीमफेदी कारागारबाट फरार भएका जर्वजस्तीकरणी मुद्दाका मकवानपुरको बागमती गाउँपालिका कैलेडाँडाका ३० वर्षीय मुन्ना स्याङतान, लागुऔषध मुद्दाका हेटौंडा उपमहानगरपालिका-७ हरियाली घर भएका २२ वर्षीय विशाल गोलेलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले पक्राउ गरेको हो । प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीका अनुसार बाल सुधारगृह हेटौंडाबाट फरार लागूऔषध मुद्दाकै एकजना बालकलाई पनि पक्राउ गरिएको छ ।

माघ १७ र १८ गते पक्राउ परेका तीनजना कैदीबन्दीलाई भीमफेदी कारागार र बालसुधार गृह पठाइएको डीएसपी बोगटीले बताए । जेनजी आन्दोलनका क्रममा भीमफेदी कारागारको पर्खाल फुटाएर ४ सय ४० जना कैदीबन्दी भागेका थिए ।

# निजी क्षेत्रतर्फ बैंक तथा वित्तीय संस्थाको कर्जा २ खर्ब

काठमाडौं/चालु आर्थिक वर्ष दोस्रो त्रैमासमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जामा कमी आएको छ । अर्थतन्त्रमा छाएको सुस्तताका कारण कर्जा माग नबढेको हो । चालु आव पुससम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशत अर्थात् १ खर्ब ९७ अर्ब ४७ करोडले बढेर ५६ खर्ब ९५ अर्ब १७ करोड पुगेको छ ।

गत आव सोही अवधिमा यस्तो कर्जा २ खर्ब ६५ अर्ब ५६ करोडले बढेको केन्द्रीय बैंकले जनाएको छ । वार्षिक बिन्दुगत आधारमा २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैरवित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जा अंश ६२.७ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ ३७.३ प्रतिशत छ । गत आव सोही अवधिमा यस्तो अंश क्रमश: ६४.२ र ३५.८ प्रतिशत थियो ।

चालु आव पुससम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको ३.७ प्रतिशत, विकास बैंक २.९ र वित्त कम्पनीको कर्जा प्रवाह १.२ प्रतिशतले बढेको छ । पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये चालु सम्पत्ति (कृषि तथा गैरकृषिजन्य वस्तु) सुरक्षणमा १५ प्रतिशत छ भने घरजग्गा धितो सुरक्षणमा ६३.९ प्रतिशत छ । २०८१ पुस मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अंश क्रमश: १४.५ र ६४.९ प्रतिशत थियो ।

चालु आव २०८२/८३ पहिलो ६ महिनामा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये उपभोग्य क्षेत्रतर्फ ९.१ प्रतिशत, निर्माण ७.२, यातायात, सञ्चार तथा सार्वजनिक सेवा ६.२, औद्योगिक उत्पादन ४.४, वित्त बीमा तथा अचल सम्पत्ति १.१ र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ०.९ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा १.१ प्रतिशतले घटेको केन्द्रीय बैंकले जनाएको छ ।

Government of Nepal
Ministry of HomeAffairs
**Bagmati province Police Office**
Hetauda-11, Makawanpur

**Invitation for Online Bids**

*Date of First Publication: 2082/10/20 (3rd FEB. 2026)*

The Bagmati Province Police Office, Hetauda invites electronic bids from registered, eligible, and interested bidders for the supply, delivery and installation of CCTV on National Highways, including Mahendra Highway, BP Highway and Madan Bhandari Highway, as well as international and provincial borders, metropolitan and sub-metropolitan cities, municipalities, rural municipalities within Bagmati province (contract identification NO: NCB/BPPO/G/O2/2082/083 under NCB Procedures. For more detail eligible and interested bidders may visit and download bid documents from e-GP system at: http://www.bolpatra.gov.np/egp.

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

**"घरघरमा हुलाक, मनमनमा "हुलाक"**

नेपाल हुलाकबाट प्राप्त हुँदै आएका तपशिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१.साधारण चिठी पत्र सेवा**

यो सेवा अन्तरगत साधारण पत्र, दृष्टिविहिनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**

* चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking System (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
* चिठी पुगे/नपुगेको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**

* २ केजीदेखि २० केजिसम्मको सामान पठाउन सकिने
* हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट विक्री सेवा**

* नियमित टिकट विक्री र फिलाटेलिक सेवा

**५. व्यावसायिक सेवा**

**द्रुत डाँक सेवा (Express mail service EMS)**

* छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
* हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था ।
* हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरगतका सेवाहरू)**

१. सूचनाको हक कार्यान्वयनसम्बन्धि अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (Cable) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, सञ्चारकर्मी परिचयपत्र नविकरण ।
४. पत्रपत्रिका दर्ता तथा अंक प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेवापत रकम भुक्तानी र सोको अनुगमन ।

फोन नं. ०१-५३२४११६/११७, Website: www. nepal post.gov.np,
Email ID: admin@nepalpost.gov.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना